लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक

वर्ष ७, अंक १२ २०८२ असोज २४ गते शुक्रबार (Friday 10 October 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६

मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

# सहकारीले थाल्यो चाउमिन उत्पादन

अमृत बास्कुने





आत्मनिर्भर साना किसान कृषि सहकारी संस्था लिमिटेडले शुरू गरेको चाउमिन उद्योगले दैनिक ८० केजी उत्पादन गर्न थालेको छ । पश्चिम म्याग्दीको मालिका गाउँपालिका ६ दरवाङमा रहेको उक्त सहकारीले थालेको चाउमिन उद्योगले स्थानीय प्रयोग गर्ने उद्देश्यले उद्योग थालेको जनाएको छ ।

गएको २०८२ असार देखि परिक्षण उत्पादन थालेर साउन देखि पूर्ण क्षमता अनुसार उत्पादन थालेको उक्त उद्योगले माग अनुसार दैनिक ५० देखि ८० केजी सम्म चाउमिन उत्पादन गर्ने गरेको सहकारीका अध्यक्ष सन्तोष सुवेदीले बताउनुभयो । आत्मनिर्भर साना किसान कृषि सहकारी संस्था लिमिटेड र मालिका गाउँपालिका ६ नम्बर वडा कार्यालयको करिब सात लाख रूपैयाँको लागतमा मेसीन औजार खरिद गरेर चाउमिन उत्पादन थालेको हो । हाल ५ जना कर्मचारीले सहकारी तथा उद्योगमा काम गरेको उहाँको भनाई छ । बाहिरबाट आउने चाउमिनमा गुणस्तर लगायतका विषयमा पहिला पनि धेरै कुरा हुने भएकाले हामीले आफ्नै क्षेत्रमा उत्पादन गरेको खण्डमा गुणस्तरीय उत्पादन उपभोक्ता सम्म पुगोस भनेर सोही प्रकारको उत्पादन थालेका हौं उहाँले भन्नुभयो ।

सहकारीले विगतमा विभिन्न व्यवसाय सञ्चालन गरेको भए पनि चाउमिन उत्पादनले पहिलो महिनामा नै सन्तोषजनक मुनाफा आर्जन गरिएको आत्मनिर्भर साना किसान सहकारी संस्थाका सचिव तथा म्याग्दी उद्योग बाणिज्य संघ मालिका इकाइका उपाध्यक्ष अमृत सापकोटाको भनाई छ । मालिका गाउँपालिकाको केन्द्र स्थानीय दरवाङ बजार तथा धवलागिरी गाउँपालिकामा पनि विक्री भइ रहेको चाउमिन मागका आधारमा उत्पादन गर्ने गरेको उहाँको भनाई छ ।

शुरूमा कोदोको चाउमिन उत्पादन परीक्षण गरेको र सफल भएको भए पनि त्यसको माग नआएको हुँदा मैदाको चाउमिनलाई नै अहिले प्राथमिकता दिएको चाउमिन उद्योगका मुख्य मिस्त्री तुलप्रसाद रोकाको भनाई छ । बागलुङमा रहेको चाउमिन उद्योगबाट चाउमिन बनाउन सिक्नु भएका उहाँले अहिले दरवाङमा आएर काम गर्दै गर्नुभएको छ । मालिका गाउँपालिका ६ दुखु बेसींका स्थायी बासिन्दा रोकाले घर नजिकै आफ्नै छरछिमेकमा काम गर्न पाउँदा खुसी लागेको बताउनु भयो । आफूले सिकेको सिप स्थानीय सहकारीले थालेको उद्योगमा लगाउन पाएँ परिवार सँग नजिक हुन पनि पाइने यो भन्दा अर्को खुशी के होला र?

आत्मनिर्भर साना किसान कृषि सहकारी संस्थाले बचत तथा ऋण कारोवार गर्नुका साथै आफ्ना सदस्यहरूलाई बिभिन्न सिप मुलक तालिम पनि प्रदान गर्ने गरेका छ । त्यसैगरी कृषि ज्ञान केन्द्र म्याग्दी सँग सहकार्य गरेर चार हजार दुई सय केजी आलुको बिउ प्रतिकेजी १७ रूपैयाँका दरले कृषकलाई प्रदान गरिएको थियो । त्यस्तै ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गर्नुका साथै कृषकलाई सुलभ दरमा ऋण उपलब्ध गराउने गरिएको संस्थाका अध्यक्ष सुवेदीले बताउनुभयो । उहाँका अनुसार साना किसान विकास बैंक सँगको सहकार्यमा ७ प्रतिशत ब्याजदरमा कृषकहरूलाई ऋण प्रवाह गरिएको छ ।

उत्पादन, संकलन र बजारीकरण गर्ने मुल उद्देश्य सहित स्थापित सहकारीको हाल ५५० जना शेयर सदस्यहरूबाट ६५ लाख शेयर पुँजी र एक करोड १८ लाख ६६ हजार रूपैयाँ ऋण प्रवाह गरेको छ । खराब ऋणको अवस्था न्युन रहेको सहकारीमा आवश्यकता अनुरूप तरलता रहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक महिनाको चौंथो शनिबार
डा. हेमा छन्त्याल
स्त्री तथा प्रसुतीरोग विशेषज्ञ

महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।
साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।
डा. गोविन्द राज पाण्डे
जनरल फिजिसियन

गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।
डा. दिपक बगाले
वरिष्ठ रेडियोलोजिष्ठ

म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।
९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८
- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा
अग्रिम बुकिङको पनि व्यवस्था छ ।
२०८२ असोज २५ शनिबार

सम्पादकीय


## दशैंले के सन्देश दिएर गयो?

हिजो सकिएको बडादशैं नेपालको सबैभन्दा ठूलो पर्व हो । वर्षैभरिको चहलपहल, उमंग र उत्साहको केन्द्र पनि हो । हिन्दू धर्मावलम्बीहरुका लागि मात्र नभई सम्पूर्ण नेपाली समुदायका लागि दशैं पारिवारिक एकता, सामाजिक मेलमिलाप, सांस्कृतिक परम्परा र धार्मिक आस्था मिसिएको एउटा साझा थलो पनि त हो । समयको प्रवाहसँगै दशैंको स्वरूप भने पछिल्लो समय हेर्दा केही परिवर्तन हुँदै गएको मान्न सकिन्छ । यस परिवर्तित स्वरूपका बीच दशैंले हामीलाई केही सन्देश पनि त दिएर गएको छ । हामीले दशैं मनाएर सक्यौं तर यसका बारेमा केही समिक्षा पनि त गरिनु आवश्यक छ । खासमा भन्नुपर्दा दशैंको ऐतिहासिक सन्दर्भ, वर्तमान रूप, बदलिंदो सामाजिक धारणा, आर्थिक भार, धार्मिक सोच, आधुनिकता र प्रविधिको प्रभाव, तथा यस पर्वले हामीलाई दिएको सकारात्मक-नकारात्मक सन्देशहरुबारे गहिरो तबरले विश्लेषण गर्न आवश्यक छ ।

दशैं मुख्यत: देवी दुर्गाको उपासना, असत्यमाथि सत्यको विजय, र दुष्ट शक्तिहरुको विनाशको प्रतीक पर्व हो। राम-रावण युद्धमा रामको विजय भएको धार्मिक मान्यताले पनि यसलाई समेट्ने गर्दछ । त्यस्तै महिषासुरमाथि दुर्गाको बिजयलाई पनि दशैंमा नकार्न सकिदैन । यती मात्रै नभएर नेपाली सबैले यो पर्वलाई शक्तिको उपासना, धर्मको रक्षा र सत्यतर्फको मार्गदर्शनको पर्व बनाएका पनि त छन् । यसले हामीलाई धर्मको मार्गमा हिंड्ने प्रेरणा र नारीशक्तिको सम्मान गर्नु पर्ने तर्फ पनि सिकाउने गर्दछ । पर्व परम्परागत भए पनि अहिले बदलिएको समाजले पनि यसलाई बदल्दै लैजान थालेका छन् । सुरुमा दशैं भन्नासाथ घर आँगन सफा गर्ने, जमरा राख्ने, टीका थाप्ने, मन्दिर जाने, जनै र पुरोहितको पूजा लगायतका कार्यहरुको सम्झना हुने गर्दथ्यो । तर अहिले यस्ता परम्परागत अभ्यासमा केही फेरबदल देखिएको छ । पहिला घरमै टीका जमरा लगाइन्थ्यो परिवार सँगै भने अहिले आएर सामाजिक सञ्जालमा फोटो सेयर, देश-विदेशमा रहेकाले जुम तथा भिडियो कल मार्फत आशीर्वाद दिने गर्न थालिएको छ । यसले के सन्देश प्रवाह गर्दछ भने परम्परा परिवर्तन हुँदैछ, यस्तो हुँदै गर्दा जरा हराउन दिनु हुँदैन । अहिलेकै तरीकाले जाने हो भने भोली जरा नै उखेलिने सम्भावनालाइ पनि नकार्न सकिदैन । नयाँ पुस्ताले हामीले मन्दै आएको पर्वको गहिराइ भन्दा रमाइलोपनमा मात्रै ध्यान दिंदा यस्तो समस्याहरु आउने गरेको यथार्थ हो ।

विगत हो या अहिले खासमा दशैं सधैं एकता र मिलनको पर्व रहँदै आएको छ । विदेशबाट फर्किने, लामो समयपछि परिवार भेट्ने, गाउ फर्किने अवसर बनाउने जस्ता कार्य नै दशैंको मूल मर्म हो । विगतको अभ्यास हेर्ने हो भने आफ्नो घरमा भएका आमाबुबाले शहरमा काम गर्ने छोराछोरीलाई घरमा पर्खने गर्दथे । बच्चाहरूलाई हजुरबुबा-हजुरआमाले टीका लगाइदिने, भाइबहिनीबीचको प्रेम प्रकट गर्ने यस्ता भावनाले दशैं अझैपनि जीवित छ र त्यो सँधै रहीरहन पर्छ । तर अबको अवस्था हेर्दा धेरै नेपाली विदेशमा छन्, कोही सिंगापुर, कोही दोहा, कोही युरोप । यस्तो हुँदा भिडियो कल र जुम तथा भाइबर, ह्वाट्सएप, म्यासेन्जरमै टिकाको आशिष दिने तर्फ पनि लाग्न थालिएको छ । जे होस डिजिटलै भए पनि रहनु पर्छ सकिनु हुँदैन भन्ने सन्देश सहित यस वर्षको दशैंले हामी माझबाट बिदा लिएर गएको छ ।

# नेपालको सन्दर्भ र जेन-जी आन्दोलन




१३-२८ बर्ष उमेर समुहका, टेक्नोलोजी संग परिचित अन्तर्मुखी र स्व-निर्णयलाई सर्वोपरी ठान्ने बिद्यालयमा अध्यनरत देखि ब्यक्तित्व निर्माणमा वामे सर्दै गरेका स्वच्छन्द र कुनै दल सम्बद्ध संघ संगठनमा रहेको भएमा पनी सो दलका कृयाकलापबाट असन्तुष्ट र खास गरि ओली नेतृत्वको कांग्रेस एमालेको संयुक्त सरकारले गरेको सामाजिक सञ्जाल नियन्त्रण गर्ने निर्णयबाट बिचलित ब्यक्तिहरूको समुह हो जेन-जी(Gen–Z)।

के थिए त मुख्य माग?

निर्वाध सामाजिक सञ्जालको सञ्चालन, सुशासनको प्रत्याभूती ।

पुरा भए त माग ? किन अनियन्त्रित बन्यो आन्दोलन ?

भदौ २२ गतेनै बन्द गरिएका सामाजिक सञ्जाल सञ्चालन गराउने निर्णय सरकारले गरिसकेको थियो, २३ गते तय गरिएको आन्दोलनको सुरू भयो आन्दोलनले संयमता गुमाउदा सरकार संयमित बन्नुको सट्टा अवाञ्छित ढंगले प्रत्याक्रमणमा उत्रदा स्थिति बिग्रियो १९ जना जेन-जी पुस्ताका भाईहरूको ज्यान गयो यसैमा घुसपैठ भएको आशंका गरिएको छ । छानविनमा खुल्दैजाला। यसैले २४ गतेको विध्वंसको सुत्रपात गऱ्यो ।

नेतृत्व विहिन आन्दोलन (Gen–Z) जस्लाई मैले खहरे-आन्दोलन (यस अर्थमा कि कोहीपनी ब्यक्ति समुह र संस्थाले अगुवाई गरेको आधिकारिक उद्घोष तथा यस आन्दोलनको सफलता/असफलता सहितको बक्तब्य आज सम्म आएको छैन) भनेको छु। आधुनिक नेपालको राजनीतिक इतिहास हेर्ने हो भने १०४ बर्षे जहाँनिया राणा शासन विरूद्ध राजा संग मिलेर आन्दोलन छेडेको नेपाली कांग्रेस अहिले पनी पहिलो हुने निर्वाचित हुने जनमतको आधारमा देशको प्रमुख शक्तिको रूपमा रहिरहेको छ । त्यसैको जग २००७ थियो त्यसलाई संस्थागत गर्न नसकेपछी राजाले २०१७ सालमा निर्दलिय पञ्चायती निरङ्कुश शासनको विजारोपण गरे । यो सत्ता ३० बर्ष टिक्यो । नेपालि कांग्रेस सहित झापा आन्दोलनवाट उदाएको दल समेतको सहयोगमा २०४७ मा प्रजातन्त्र पुनर्वहाली भयो । यसको पाँच वर्ष पुग्दा नपुग्दै २०५२ मा प्रचण्ड बाबुराम हरूले सशस्त्र द्वन्द्वको विजारोपण गरे यहि विचमा दरबार हत्याकाण्ड घट्यो/घटाईयो राजा बिरेन्द्रको वंश नास भयो, राजाको रूपमा ज्ञानेन्द्र राजगद्धि चढे । सशस्त्र द्वन्द्व १० वर्ष चल्यो यहि द्वन्द्व समेतको जगमा २०६२/०६३को जन आन्दोलन भयो र ज्ञानेन्द्रलाई नारायणहिटिबाट निकालेर श्रीपेच खोसेर नागार्जुन पठाईयो । यो सँगै २४० बर्षे राजतन्त्र अन्त्य गरियो भनियो । उल्लेखित सबै राजनीतिक घटनाको प्रमुख हिस्सेदार दल नेपाली कांग्रेस, झापा विद्रोहबाट उदाएर राजनीति सम्हालेको एमाले, २०५२मा ५२ बुँदे माग सहित सशस्त्र द्वन्द्व गरेर २०६२/०६३को आन्दोलनको उपयोग गर्दै चोर वाटोबाट संसद छिरेर निरन्तर सत्ताको आउलो वनेर बसेको माओवादी, मधेस आन्दोलन गराएर मुलधार पक्डेका मधेस केन्द्रित दलहरू सहित नयाँ राजनीतिक शक्तिको रूपमा उदाएका रास्वपा लगाएतका अन्य दलहरू सबैले आवरणमा नागरिकका समृद्धि र अधिकारका एजेण्डा उठाउने र मत लिने त्यहि जनमतको दुरूपयोग गरेर संविधान र कानुनको धज्जी उडाउदै स्वेच्छाचारिता, भ्रष्टाचारमा लिप्त हुने तथा पार्टि र सरकारको नेतृत्वमा शिर्ष भनिएका केही थान मान्छेहरूको हालिमुहालि चलिरहने प्रवृत्तिलाई निरुत्साहित गर्न २००७, २०४७ र २०६२/०६३ को भन्दा भिन्न र दर्दनाक आन्दोलनको चक्रब्यूह उत्पन्न भयो र १०४ बर्षे जहानिया राणा शासन भन्दा स्वेच्छाचारी, २४० वर्षिय राजतन्त्र भन्दा ब्यक्तीवादी चरित्रको शेरबहादुर-केपी-प्रचण्ड युगको समापनको आधार तय गरेको छ ।

२०८२ भदौ २३ र २४ गतेका लागी आन्दोलित Gen–Z पुस्ताले जुन एजेन्डालाई लिएर आन्दोलन गर्न खोजेको थियो आन्दोलन । त्यसको विपरीत त म भन्दिन तर दश प्रतिशतको उपलब्धिका लागि गरिएको आयोजनाले १000औं गुणा फरक परि स्थितिको निर्माण गरिदियो जस्लाई कसरी अवतरण गराउने भन्ने नै मुख्य चुनौती भयो । यसको पछाडी कांग्रेस एमालेहरूकै नेतृत्वलाई स्वेच्छाचारी बनाउन भुमिका खेलेका र त्यसैवाट आजित भएका राजनीतिक दलका दोस्रो तेस्रो वरियताका नेताहरू जस्ले प्रत्यक्ष दवाव दिन नसक्ने तर नेतृत्व नचाहने भएकोले यो आन्दोलनलाई उपयोग गर्ने रणनीति लिएर मिडियाबाजी गरे ।

यो आन्दोलन उग्र बन्नुको अर्को प्रमुख कारण काठमाडौका मेयर बालेन्द्र शाह । जो फेसबुक बाटै महानगर सञ्चालन गर्छन् र पछिल्लो पुस्ताको मन जितिरहेका छन् । उनले यस आन्दोलनलाई समर्थन मात्र गरेनन् उत्तेजित बनाईरहन भुमिका खेले संस्थागत रूपमै आन्दोलनकारीलाई सहयोग गर्न अघि सरे, अर्को थियो तत्काल सत्ता बाहिर रहेका नेकपा माओवादी, रास्वपा र राप्रपाले दलिय समर्थन गर्नु । शत्रुता साध्न शत्रुलाई साथ, मित्रको शत्रु मेरो पनी शत्रु भन्ने उखानलाई चरितार्थ गर्दै राजतन्त्र माग गर्ने राप्रपा, गणतन्त्रको सुत्रधार दावि गर्ने माओवादी र लिंग छुट्टिनसकेको दल रास्वपाले साँठगाँठ गरी सौताको रिसले पोईको काखमा मुतेर मुते न्यानोमा रमाउन खोज्दा यो अकल्पनीय परिस्थितिको निर्माण भएको हो ।

यो सबैको फलस्वरूप न्यून उपलब्धिका लागि निहत्था नागरिकहरूको ज्यान गयो, राज्यको अपुरणिय भौतिक क्षति भयो। ब्यवसायीक क्षति अकल्पनीय भयो । २०१७-०४७ को अबधि बाहेक हरेक १० बर्षमा भैरहेको राजनीतिक आन्दोलनको पुनरावृत्ति भयो तर उपलब्धीका लागि अझै कति पर्खनुपर्ने हो कुनै टुंगो छैन ।

यो आन्दोलनले २०१७ र २०४७ ल्याउन सक्दैन, यो आन्दोलन २०७२ को विरूद्ध थिएन । यो आन्दोलनले विश्वबाट फेजआउट भैसकेको साम्यवादलाई स्थापित गर्न पनि सक्दैन । यो आन्दोलनले देखिने गरी ओली नेतृत्वको सरकारलाई अपदस्थ गऱ्यो । तर अल्पकालीन रूपमा संसद विघटन गरेर गैर दलिय अन्तरिम सरकार गठन गऱ्यो । ६ महिनामा २०७२ लाई पुनः संस्थागत गर्ने गरी । र सबैभन्दा ठुलो र अक्षम्य अपराध भनेको ब्यक्तीलाई आक्रमण, निजि सम्पत्तिको तोडफोड र आगजनी, सार्वजनिक सम्पत्तिको लुटपाट र आगजनी र राज्यको भौतिक पूर्वाधारको तोडफोड र आगजनी गराई रिसईवी साध्नु मात्र यसको उपलब्धि जस्तो देखियो ।

आन्दोलनले नागरिकलाई शंकाको सुविधा दिएकोछ ।

- २३ गते नरसंहारमा उत्रिएको हतियार २४ गते निजी ब्यवसायीक प्रतिष्ठान र सरकारका मुख्य अंगहरू संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत, शितलनिवास जल्दा किन प्रतिकार गरेन ?

- जोगिनु राम्रो तर नारायणहिटि, काठमाडौ महानगरहरूमा निशाना किन बनाईएन?

- भ्रष्ट थिए होलान,

बाँकी पाँचौं पृष्ठमा

# इजालस बनाउने तयारीमा छौं : जमुना

*हिमाल पारीको जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिका जिल्ला सदरमुकाम समेत रहेको स्थानीयतह हो । गण्डकी प्रदेशको हिमाली जिल्लाहरु मध्येको एक यो जिल्ला तुलनात्मक रुपले हेर्ने हो भने निकै दुर्गम क्षेत्रको पनि प्रतिनिधित्व गर्छ । यस गाउँपालिकामा भौतिक पूर्वाधारसँगै मानव विकासका पनि थुप्रै काम भइरहेका छन् । यस गाउँपालिकाले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार कार्यान्वियनमा कसरी काम गरिरहेको छ त भन्ने सन्दर्भमा **अमृत बास्कुनेले** न्यायिक समितिका संयोजक समेत रहनु भएका घरपझोङ गाउँपालिकाका उपाध्यक्ष **जमुना थकाली थापा मगर** सँग गर्नुभएको कुराकानीको सम्पादीत अंश यहाँ प्रस्तुत गरीएको*



**न्यायीक समितिमा कस्ता प्रकारका समस्याहरू आउने गरेका छन्, संक्षिप्तमा बताइ दिनुस् न ?**

- हिमालपारीको जिल्ला मुस्ताङको सदरमुकम पनि भएको हुनाले यहाँ अन्य पालिकाको तुलनामा साहेद बढीनै आउँछन् होला । तर पनि अहिले सम्मको अवस्था हेर्दा खासै धेरै आउदैनन्, आए पनि बढी मात्रामा भनेको लेनदेनको आउछ । गत आर्थिक वर्ष लेनदेनकै आएको थियो र त्यो भन्दा अघिल्लो आर्थिक वर्षमा पनि आर्थिक लेनदनेको नै उजुरी आएको थियो । एउटा घरायसी समस्याको जुन आएको थियो त्यो भने हाम्रो पालिका नभएर बारागुङ मुक्तीक्षेत्र गाउँपालिकाको स्थायी बासिन्दा रहको हुनाले मैले उतै पठाइदिएको थिएँ । उनीहरूको पालिकाको समस्या हाम्रोमा उजुरी परेको रहेछ र पछि बुझ्दा अर्को पालिका भएकाले सम्बन्धीत पालिकामै समस्या समाधानका लागि पठाइ दिएको थिएँ । नत्र भने त्यस्तो धेरै समस्या आउने र जटिलता भएको भन्ने हाल सम्मको अवस्थामा छैन ।




**समस्या आए पछि कुनै प्रकारले समाधानका लागि दवाव आउँछ कि?**

हाम्रो पालिका भित्र त्यस्तो दवाव आएको मलाइ अहिले सम्म याद छैन । यस वर्ष घरभाडामा बसेर भाडा नतिरेको पनि उजुरी परेको थियो । घरभाडा नतिरेको समस्याको सन्दर्भमा बुझ्दा लामो समय देखि भाडा नतिरेर आजित हुनुभएको रहेछ घरबेटी । त्यसैले गर्दा उहाँ घरबेटीले भाडा उठाएर भाडावाललाई निकाल्न खोज्नु भएको थियो । कति धेरै वर्ष देखि भाडा नतिरेको समस्या रहेछ । तर घरभाडामा बस्दा सम्झौता गरेको पनि रहेछ । हामीले सबै संग राय लिएर मात्रै अगाडी बढ्ने गरेका छौं र त्यो समस्यामा पनि त्यसैगरी सहजीकरण गरेका थियौं । गाउँपालिकाका अध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृत संग पनि राय लिने अनि मात्रै समस्या समाधानको पाटोमा जाने गरिन्छ । त्यसैले गर्दा पनि कसैले पनि आफू अन्यायमा परेको जस्तो महशुष नगर्ने भएर पनि होला दवाव आएको थाहा छैन । हामीले प्राय सबै सरसल्लाह गरेर मात्रै काम गर्ने र कुनै पनि निचोड लिनु पूर्व अध्यक्ष तथा हाकीमसाब सँग राय लिने र अन्य कुनै जटिलै हो कि जस्तो लाग्यो भने अन्य निकाय सँग पनि राय लिएर मात्रै निर्णयमा पुग्ने गरेको हुँदा पनि सबैले आफूलाई न्याया भएकै मान्ने हुँदा पनि कुनै पनि प्रकारको दवाव पर्ने गरेको छैन ।

**बजेट निर्माण, र महिला मैत्री कानुन निर्माण तथा लक्षित वर्गको लागि बजेट निर्माणका लागि हजुरको प्रयास के कस्तो हुने गरेको छ ?**

हामी हरेक प्रकारको समस्या वा योजनालाई हरेक कोणबाट उचित तबरले हेरेर निचोडमा पुग्ने गरिन्छ । गाउँपालिकाको नीति तथा कार्यक्रम एवम् बजेटमा न्यायिक समितिका लागि र लक्षित वर्गका लागि बजेट बिनियोजन आवश्यकताको आधारमा गर्ने गरिएको छ । हामीले गाउँपालिकामा न्यायीक समितिका लागि भनेर यस वर्ष इजालस बनाउने भन्ने सोचेका छौं । साथै हामीलाई आवश्यक पर्ने केही कानूनि पुस्तककहरू खरिदका लागि पनि चालु आर्थिक वर्षमा बजेट विनियोजन गरेको छ । विगतको वर्षमा पनि न्यायीक समितिलाई सक्रिय बनाउने र गाउँघरमा पनि न्याया सम्पादन र मेलमिलापलाई सहजीकरण गर्ने खालका कार्यक्रमहरू गरिएको थियो । मुस्ताङ जिल्लाका हरेक गाउँहरूमा मुखिया हुने परम्परागत नै हो । यहाँका गाउँ घरमा रहेका मुखियाहरूलाई बोलाएर पनि राज्यको कानुन अनुसार काम गर्नका लागि तालिम पनि दिएको छ । न्यायिक समितिले नै अगुवाइ गरेर मुखियाहरूलाई कानुनी ज्ञान दिनुका साथै फौजदारी प्रकृतिका उजुरीहरू भएमा त्यसलाई कानुनी प्रकृयामै लैजान पर्छ भन्ने तर्फ हामीले सहजीकरण गर्ने गरेका छौं । मुखियाहरू पनि हाम्रो सहयोगी भएकोले गर्दा सामान्य घटना उहाँहरूले मिलाए पनि अन्य घटनाहरू हामी कहाँ तथा प्रहरी र अदालत तर्फ नै पठाउने मुखियाले पनि गर्ने गरेको पाउने गरेका छौं । साथै हामीले दलित र न्यून आय भएकालाई बिमाको ब्यवस्था समेत गर्ने गरेका छौं ।

**महिला पुरुषलाई हेर्ने दृष्टिकोण फरक छ कि के छ? यहाँले के कस्तो अनुभव गर्नुभएको छ?**

घरपझोङमा त्यस्तो अन्तर पाएको छैन, अहिले सम्म खासै धेरै उजुरी पर्ने गरेकै छैन र परेको खण्डमा आफू भन्दा सिनियर सँग राय लिएर गर्ने गरेको छु । त्यसैले पनि होला खासै कुनै विभेद भयो जस्तो मैले फिल गर्न पाएकै छैन । विभेद नभएरै होला मैले फिल नगरेको पनि । खासमा भन्नु पर्दा मुस्ताङ जिल्ला नै मानवअधिकारको सन्दर्भमा निकै मजबुत जिल्ला हो । जिल्ला मै पनि खासै घटनाहरू आउँदैन भने हाम्रो पालिकामा आउने र विभेद हुने भन्ने नभएको पनि ।

**गाउँपालिका भित्र शिक्षा, स्वास्थ्य तथा खानेपानीको समस्या के कस्तो छ?**

हाम्रो पालिकामा पिउने पानी प्रयाप्त मात्रामा छ भन्दा फरक नपर्ला । किन भने हामीले हाल सम्म पानीको समस्या भयो भन्ने सुन्नै परेको छैन । त्यस्तै शिक्षा पनि जिल्ला सदरमुकाम भएकै पालिका हो भने हाम्रोमा गुणस्तरीय शिक्षा नै छ । गाउँपालिका भित्रका सबै गाउँमा स्कुलहरू छन् । विद्यालय हुँदै गर्दा पनि मुख्य समस्या भन्ने विद्यार्थी कम छ । पालिकामा नमुना विद्यालय नै रहेको अवस्था छ । यहाँका विद्यालयमा गाउँपालिका भित्रका मात्रै नभएर जिल्लाका अन्य पालिका र अन्य जिल्लाबाट पनि अध्ययनका लागि यहाँ आउने गर्दछन्, यदी राम्रो शिक्षा नभएको भए अन्यत्रबाट आउने भन्ने कुरै हुने थिएन नि । बरू यहाँका सामुदायिक विद्यालयका शिक्षकहरूले पनि आफ्नो सन्तानलाई निजी विद्यालयमा भर्ना गर्ने समस्या भने छ । सामुदायिक विद्यालयको पढाइ र नतिजा राम्रो हुँदाहुदै पनि किन निजी तिर आफ्ना सन्तान भर्ना गरेका हुन् गुरुहरूले त्यो भने चासोको विषय नै हो । गाउँपालिकाको १ नम्बर वडाको चिमाङमा विद्यार्थी कम छ तर छैरोमा भने राम्रो छ र सरदरमा भन्ने हो भने सबै राम्रो छ । स्वास्थ्यको अवस्था ठिक छ, वडाहरूमा स्वास्थ्य चौकी छ, जिल्ला नै सामान्य अवस्थाको छ । यहाँ सबै सम्भव नहुने पोखरा काठमाडौं *बाँकी चौथो पेजमा*

**इजलास......**

नै जानु पर्ने बाध्यता जिल्लाबासीकै हुन्छ भने अरू भन्नु पर्ला भन्ने लाग्दैन । महिला तथा बालबालिका तथा मानवअधिकार मैत्री

**कानुन बनाउने सन्दर्भमा के छ?**

बालबालिकाको हकमा महिला तथा बालबालिका शाखाले हेर्ने गरेको छ । बाल सञ्जाल गठन गरिएको छ । बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणाका लागि तयारी गरिएको छ । भने हामीले सबै न्यूनतम मापदण्डहरू पुरा गर्ने सन्दर्भमा कुनै कसर बाँकी छाडेका छैनौ ।


## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा समस्त नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अमृतलाल श्रेष्ठ**
अध्यक्ष
**न्यू धवलागिरी बचत तथा ऋण सहकारी संस्था लि.**
बेनी नगरपालिका ८, बेनी म्याग्दी

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत, छठको अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दिपक सुवेदी** प्रिन्सिपल
**बालकृष्ण सुवेदी** संस्थापक/अध्यक्ष
**लिटिल गार्डेन ऐकेडेमी**
बेनी बजार, म्याग्दी

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत, छठको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.बिनोद केसी**
**बिनोद अटोमोबाइल्स प्रा.लि.**
न्यूरोड बेनी बजार, म्याग्दी
टिभिएस ब्राण्डका सम्पूर्ण प्रकारका मोटरसाइकल तथा स्कुटरकालागि सम्झनुहोस

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा समस्त नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.नानु श्रेष्ठ**
**होटल डल्फिन**
बेनी नगरपालिका-७, बैंकरोड, भीमसेन चोक, बेनी
स्वादीष्ट खाना, खाजा तथा आरामदायी एवम् पारीवारिक वातावरणमा बसाइका लागि सदैब हामीलाई सम्झनुहोस ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा समस्त नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. योगेन्द्र श्रेष्ठ**
**पंगाली भाँडा पसल**
बेनी नगरपालिका-८, पिपलचोक बेनी बजार म्याग्दी
हामीकहाँ तामा, पित्तल, धातु, फलाम, स्टील, आल्मुनियम, प्लाष्टिक, राईस कुकर, फिल्टर, ग्यास चुलो, शुभ विवाह, ब्रतबन्धको सामानहरु, घरायसी सामान होलसेल तथा खुद्रा मुल्यमा बिक्री गरिनुका साथै पुराना भाडाहरु पनि साटफेर गरिन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा समस्त नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. जीतबहादुर बिश्वकर्मा**
**बिनोद सुनचाँदी पसल**
बेनी नगरपालिका ८ न्यू रोड, म्याग्दी
तयारी गहना वा अर्डर अनुसारको गहनाको लागि सम्झनुहोस । साथै सुनचाँदी पनि खरिद बिक्री गरिन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा समस्त नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. मुकुन्दप्रसाद शर्मा, अमृत प्रसाद शर्मा**
**विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स**
शिक्षामार्ग बेनी बजार म्याग्दी, फोन ०६९-५२०८९७
हाम्रो सेवाहरु : छड सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङरोगन, काठी, कब्जालगायतका सम्पूर्ण घर निर्माण तथा फर्निचरका सामानहरु सुपथ मुल्यमा बिक्री गरिन्छ । साथै नेपाटपको पाइप र ग्यारेन्टी वाला पानी टंकी पनि पाइन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठको अवसरमा सम्पूर्ण नेपालहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष चक्रबहादुर थापा**
**अन्नपूर्ण जगन्नाथ कृषि एग्रो प्रा.लि.**
सम्पर्क फोन :- ९८४९५७२३०४

## नेपालको ......

स्वेच्छाचारी बनेहोलान, जनमैत्रि बन्न सकेनन् होला तर पूर्वप्रधानमन्त्री लगायत सार्वजनिक ओहदामा रहेका ब्यक्तिहरूलाई मरणासन्न बनाउदै निजि सम्पत्ति आगजनी गर्दा किन स्थाई सरकार पुलिस प्रशासन रमिते बन्यो ?

- देशैभरका कारागारबाट कैदिवन्दि भाग्दा भगाउदा (डिल्लीबजार कारागार बाहेक) किन प्रशासन प्रतिकारमा उत्रिएन ?

- नेकपा माओवादीले आन्दोलनलाई समर्थन गरेको छ ।

- आन्दोलन पश्चात संविधान दिवस मनाइरहँदा माओवादीले विजयोत्सवको शैलिमा मनायो, नेपाली कांग्रेसले औपचारीक बक्तव्य मात्र निकाल्यो, नेकपा एमालेले अनौपचारीक बक्तब्यबाट शुभकामना बाड्यो ।

हुनत देशमा राजनीतिक परिवर्तन जन आन्दोलन नभई सम्भव छैन स्वरूप फरक फरक हुनसक्छ । तर विडम्बना नेपालमा (२०१७-०४७) बाहेक हरेक १० बर्षमा राजनीतिक परिवर्तनका लागि आन्दोलन भएका छन् । किन सफल र स्थापित हुन सकिराखेका छैनन् परिवर्तनका एजेन्डाहरू ? स्वरूप जस्तोसुकै होस् त्यसले पार्ने असर एउटै तर परिस्थिति जहाँको त्यहिँ । २००७ साल २०१७ साल २०४७ साल १०बर्षे (२०५२-०६२) सशस्त्र द्वन्द्व, २०६२/०६३ को जनआन्दोलन, मधेस आन्दोलन । र यसैमा थपिएको जेएन-जी आन्दोलन २०८२ । पछिल्लो आन्दोलनको उपलब्धि हेर्न बाँकी छ तर विध्वंस सबैका सामु छ। के आन्दोलनको योजना यही थियो? सोचअनुसार परिणाम आयो ? यो सबै हुनु र गराउनुका पछाडी कस्को हात छ? के आन्दोलनको उद्देश्य अभिलेख नष्ट गर्नु सार्वजनिक सम्पत्ति तोडफोड गर्नु, अपराधी छुटाउनु थियो ? केही सत्ताधारीहरू माथिको आक्रोश पोख्न देश जलाएर के उपलब्धि मापन गर्ने ?

हो केही मान्छेले देशलाई कब्जा गरेका थिए भ्रष्टाचारमा लिप्त थिए राज्य ब्यवस्थालाई हयाक गरेका थिए ति ति मान्छेहरु देशद्रोही हुन तिनलाई गरेको कारवाही ठिक होला तर तिनलाई भोली कानुनी कारवाही गर्न चाहिने प्रमाणहरू त खरानी भए नी होईन र ? अनि ति एक दर्जन मान्छेको कारण देशै जलाउनुपर्ने थियो र ? आशा गरौं देश खरानी बनाउन कुनकुन स्वार्थ समुह कसरी कसरी परिचालित भए भन्ने तथ्य विस्तारै खुल्दै जाला। बर्तमान नागरिक सरकार बाट जेन-जी पुस्ताले उठाएको भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सहजता जस्ता सबै नागरिकको माग सम्बोधन होस् । प्रस्तुत सामग्री लेखकका निजी बिचार हुन् ।

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत, छठको अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अस्मिता खत्री
प्रोपाइटर
निर्मल खत्री
प्रोपाइटर
गोल्डस्टार सुज बेनी
गोल्डस्टार कम्पनिबाट उत्पादित आधुनिक डिजाइनका जुत्ता चप्पलहरू होलसेल मुल्यमा पाइन्छ ।

सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।
समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
थासाङ गाउँपालिका
कोबाङ, मुस्ताङ

फोहोरमैला व्यवस्थापनसम्बन्धी अत्यन्तै जरुरी सूचना !
कुहिने र नकुहिने फोहोरलाई घरबाटै छुट्याएर सुरक्षित रुपमा विसर्जन गर्ने बानी बसालौं । प्लाष्टिक र सीसाजन्य वस्तुको प्रयोग घटाऔं, वातावरण सफा र स्वस्थ राखौं ।
जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत पर्वत

सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।
समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ

# साप्ताहिक राशीफल




## मिति :- २०८२/०६/२४ देखि ३० सम्म

**मेष** - Aries (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
प्रारम्भमा काम बन्नाले मनग्य लाभ हुनेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। उठ्नुपर्ने रकम हातलागी हुनेछ । तर आम्दानीको आसमा खर्चिलो काम थाल्नाले सोमवार र मंगलवार समस्या पर्न सक्छ। अभाव टार्न सापट वा कर्जा लिनुपर्ने हुन सक्छ। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। आफन्तको सहयोग जुट्नाले मनमा आनन्द मिल्नेछ। नयाँ काममा हात हाल्ने परिस्थिति जुट्नेछ। सामाजिक कामको यश लिने अवसर प्राप्त हुनेछ। सप्ताहान्तमा केही ब्यवधान देखापर्नेछन्। वादविवादमा अघि नसर्नुहोला। आफ्नै कमजोरीले खर्च बढाउनेछ।

**वृष** - Taurus (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
विशेष काम साताको प्रारम्भमा गर्दा फाइदा हुनेछ । प्रतिष्ठित कामले समाजमा स्थापित बनाउनेछ । ब्यापार र नोकरीमा दिगो फाइदा हुने काम गर्ने मौका छ । लगनशीलताले कीर्तिमानी दिलाउनेछ। सोमबारदेखि मनग्य आम्दानी हुनाले भैपरी आउने समस्या टर्नेछन् । ब्यापार तथा नोकरीमा फाइदा उठाउन सकिनेछ । तर पछिका लागि खर्च गर्नुपर्ने हुँदा धन सञ्चयमा बाधा पुग्नेछ। अर्थ अभावले सताउन सक्छ। एउटै कामलाई दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। सञ्चित कर्मफलमा अरुले दाबी गर्नेछन्। सप्ताहान्तमा आफन्तसँग भेटघाट हुनाले आत्मबल बढ्नेछ। स्वास्थ्यका लागि खानपानमा भने सजग रहनुहोला।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, ह)
सुरूमा केही चुनौतीसँग जुध्नुपर्ला। अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। सहयोगीहरुसँग सम्बन्ध बिग्रनाले काममा पनि त्यसको प्रभाव पर्न सक्छ। आफ्नैले दुःख दिनेछन्, सजग रहनुहोला। पेसा-ब्यवसायमा पनि केही उल्झन आउन सक्छन्। एउटै काम बनाउन धेरैपटक प्रयत्न गर्नुपर्ला। बुधवारदेखि स्थितिमा सुधार आउनेछ र आँटले काम लिन सकिनेछ। दिगो आम्दानी हुने कामसमेत सुरू गर्ने मौका छ। आयस्रोत थपिनेछ। ब्यापार बढ्नाले लाभांश पनि बढ्नेछ। सप्ताहान्तमा भने आकस्मिक खर्च बढ्नेछ। सानो अवसरका लागि केही दौडधुप समेत गर्नुपर्ला।

**कर्कट** - **Cancer** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
स्वास्थ्य कमजोर हुनाले प्रारम्भमा केही समस्या देखापर्नेछन्। दुर्भावना राख्नेहरुले दुःख दिनेछन्। आफ्नै सक्रियताले केही सामाजिक काम भने बन्नेछन्। मिहिनेतीहरुलाई भाग्यले साथ दिनेछ। बुधवारदेखि नयाँ काम थालनी हुनेछ। रोकिएको काम बन्नेछ र कर्मयोगले उचाइमा पुऱ्याउनेछ। कीर्तिमानी कामको यश पनि प्राप्त हुनेछ। नोकरीमा प्रवेश वा पदोन्नति हुन सक्छ। लगनशीलताले लक्ष्यमा पुऱ्याउनेछ भने सम्मानित स्थान प्राप्त हुनेछ। कामले दाम, इनाम र पुरस्कार दिलाउन सक्छ। सप्ताहान्तमा भने केही विवादास्पद कामले आम्दानी रोकिन सक्छ। आफ्ना कमजोरीबाट अरुले लाभ उठाउनेछन्।

**सिंह** - **Leo** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। आतिथ्य खर्चिलो रहे पनि विशेष उपहार पाइनेछ। सोमवारदेखि दैनिकी केही उतारचढावमय रहने देखिन्छ। अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला। काम गर्दा समेत जस नपाइनाले मन खिन्न रहनेछ। स्वास्थ्य कमजोर रहनाले काममा पनि पछि परिनेछ। बुधवारदेखि स्थिति अनुकूल बन्नाले लाभ हुनेछ। कर्मयोगले नयाँ मार्ग अवलम्बन गर्नेछ र भाग्यले साथ दिनेछ। नोकरीमा प्रवेश वा पदोन्नति हुन सक्छ। मिहिनेतले सफलताको सूत्र पत्ता लगाउन सकिनेछ। काम गरेरै नाम, दाम र इनाम हासिल गर्न सकिनेछ। कीर्तिमानी कामको यश प्राप्त हुनेछ।

**कन्या** - **Virgo** (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
प्रारम्भमा चुनौतीलाई पार लगाएर पनि उपलब्धि हातपार्न सकिनेछ। प्रतिस्पर्धीहरुका कमजोरीबाट लाभ उठाउन सकिनेछ। कर्मयोगले फाइदा दिलाउनेछ। प्रयत्न गर्दा अवसर हात पार्न सकिनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ। पारिवारिक भेटघाटले मन प्रफुल्लित होला। बुधवारदेखि स्थिति केही कमजोर रहन सक्छ। स्वास्थ्य समस्याले सताउनेछ। तापनि प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ। धार्मिक मनोवृत्ति बढ्नेछ भने सामाजिक कार्यमा समेत धन खर्च गरिनेछ। भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउन सक्छ। मिहिनेत गर्दा नाम, दाम र इनाम प्राप्त हुनेछ।

**तुला** - **Libra** (र, रि, रू, रे, रो, ता, ति, तु, ते)
अध्ययनको लगावले ब्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पुरूषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउनेछ भने आँटले लक्ष्यमा पुऱ्याउन सक्छ। हिँडाइ र कामको ब्यस्तताले थकान महसुस हुनेछ। तापनि बुधवार र बिहीवार दिगो काम बन्नेछ। ब्यापारका सन्दर्भमा रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। साथीभाइसँग रमाइलो भेट हुनेछ। मित्रता र प्रेमको बन्धन कसिने समय छ। सप्ताहान्तमा कर्मक्षेत्र र स्वास्थ्यमा केही समस्या आउला। आफ्नो क्षेत्राधिकार संकुचित बन्न सक्छ। अधिकार र प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुऱ्याउनुहोला। नयाँ काम नगर्नुहोला।

**वृश्चिक** - **Scorpio** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
प्रारम्भमा अरुलाई दिएको वचन पूरा गर्न नसक्दा समस्या पर्नेछ। काम रोकिनुका साथै पारिवारिक समस्याले सताउन सक्छ। परिस्थितिवश अध्ययनमा समय दिन नसकिएला। आफ्ना कमजोरीबाट अरुले लाभ उठाउन सक्छन्। आफ्नैले धोका दिनेछन्, सजग रहनुहोला। बुधवारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काम थालनी हुनेछ। अघिको संघर्षले पछिल्लो समय लाभदायी रहनेछ। प्रतिस्पर्धीहरु पराजित हुनेछन् र स्वतः सहयोगीका रुपमा देखापर्नेछन्। रोग र शत्रुमाथि विजय प्राप्त गर्ने समय छ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। यात्रा र किनमेलमा भने अधिक खर्च हुने सम्भावना छ।

**धनु** - **Sagittarius** (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
विभिन्न काम बन्नाले साता उत्साहवर्द्धक रहनेछ। लक्ष्यअनुसार काममा राम्रै प्रतिफल प्राप्त हुनेछ। ब्यापार र उद्योगमा फाइदा हुनेछ। सहयोगीहरुले पनि उत्साह जगाउनेछन्। सोमवार र मंगलवार केही घरायसी उल्झन आउन सक्छन्। साइनो-सञ्जालबाट भने टाढा रहँदा राम्रो हुनेछ। बेलामा होस नपुऱ्याउँदा केही चुनौती आउन सक्छन्। बुधवारदेखि स्थितिमा सुधार आउनाले अध्ययनमा प्रगति हुनेछ। देश-विदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ। ब्यवसायमा धेरै समय दिन नसकिए पनि प्राविधिक कामको अनुभव बटुल्ने समय छ। केही खर्च लागे पनि मालमत्ता जुटाउने समय छ।

मकर - ऋबउचष्अयचल (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
प्रारम्भमा मनग्य फाइदा हुनेछ। बोलीको माध्यमले विशेष काम सम्पादन हुनेछ। कार्यशैलीमा पनि सुधार ल्याउन सकिनेछ। पहिलेको कर्मफल प्राप्त हुने समय छ। सोमवारदेखि काममा केही ब्यवधान हुनेछ। आफ्ना कामबाट अरुले लाभ उठाउने चेष्टा गर्नेछन्। सहयोगीहरु प्रतिस्पर्धीसँग नजिकिन सक्छन्। परिवारमा सल्लाह नमिल्दा आँटेको काम रोकिन सक्छ। तापनि सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ र चुनौतीलाई अवसरमा बदल्न सकिनेछ। अध्ययनमा ध्यान केन्ऽित हुनेछ। रोकिएका काम बन्नेछन् र पेसा-ब्यवसायमा राम्रो फाइदा हुनेछ। आँट गर्दा दैनिकीले उचाइको बाटो समाउनेछ।

**कुम्भ** - **Aquarius** (गु, गे, गो, सा, सि, सु, से, सो, द)
विभिन्न अवसर प्राप्त हुनेछन् भने आँटले काम लिने समय छ। तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरु पनि बढ्नेछन्। सानो प्रयत्नले ठूलो काम बन्नेछ। सोमवार र मंगलवार भने वादविवादबाट अलि सावधान रहनुहोला। धेरै बोल्ने बानीले गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्, सजग रहनुहोला। बुधवारदेखि मित्रहरुको सहयोग जुट्नाले महत्त्वपूर्ण काम बन्नेछ। शुभचिन्तकहरुको सञ्जाल फराकिलो हुनुका साथै बहुमूल्य वस्तुहरु संकलन गर्न सफल भइनेछ। सप्ताहान्तमा घरका समस्या सुल्झाउन समय दिनुपर्ला। काम रोकिन सक्छ।

**मीन** - **Pisces** (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
प्रारम्भमा आकस्मिक खर्च बढ्नेछ भने समस्या टार्न कर्जा लिनुपर्ने हुन सक्छ। खर्चिलो काम थाल्नाले बीचमा समस्या पर्न सक्छ। सोमवार र मंगलवार पेटको समस्याले स्वास्थ्य कमजोर रहला। भेटघाटले अलमल्याउने हुँदा नियमित काममा बाधा पर्नेछ। पेसा-ब्यवसायमा धेरै समय जुट्न नसकिएला। बुधवारदेखि स्थितिमा सुधार आउनाले कामका लागि वातावरण बन्नेछ। सहयोगीहरुले साथ दिनेछन् । ब्यापार बढ्नेछ र नयाँ काम प्रारम्भ हुनेछ। शुभचिन्तकहरुको सहयोगले हौसला प्रदान गर्नेछ। उद्योग र ब्यापारमा विशेष फाइदा हुनेछ। समस्या दर्साउँदा काममा साथ र सहयोग पाइनेछ।



# साताको तस्वीर

**फोटो क्याप्सन :-**

१) युवाले देशमै केही गर्न सक्छन् भन्ने उदाहरणका रुपमा रहनु भएका म्याग्दीको बेनी नगरपालिका ४ का युवा विजुन चोखाल । उहाँ आफ्नै बोलेरो गाडीमा सिंगामा रहेको शुभकामना कृषि सहकारी संस्था लिमिटेडले उत्पादन गरेको दूध बेनी बजारमा विक्री बितरण तथा व्यवस्थापनको काम गर्ने गर्नुभएको छ ।

तस्वीर : अमृत बास्कुने

## श्री महेन्द्र रत्न माध्यमिक विद्यालय

Shree Mahendra Ratna Secondary School

मंगला गाउँपालिका-३, आर्भाङ, बरंजा, म्याग्दी

Mangala Rural Munichay–Arbhang, Barangja Myagdi

मिति (Date):-२०८२/०६/१२

## विषयः शिक्षक आवश्यकता बारे।

प्रस्तुत विषयका सम्बन्धमा मंगला गाउँकार्यपालिकाको मिति २०८२-०६-०८ च.नं. २३९ को पत्र अनुसार यस विधालयमा रिक्त रहेको निम्न माध्यमिक तह तृतिय श्रेणी विज्ञान विषयमा करार शिक्षक नियुक्ती गर्न यही असोज २७ गते सम्म कार्यलय समयमा तपशिलमा उल्लेखित विवरण सहित रित पुर्वकको निवेदन आह्वान गरिन्छ। करार सुचीमा रहेको उम्मेदारले असोज २० गते सम्म सम्पर्क गर्न सुचित गरिन्छ।

तपशिलः

१) विज्ञापन नं. १(२०८२/०८३)

२) पद-शिक्षक

३) तहः नि.मा.वि तृतिय श्रेणी (दरबन्दी)

४) शैक्षिक योग्यताः- विज्ञान विषयमा २ उतिर्ण वा सो सरह

५) दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू

क) शैक्षिक योग्यताका प्रमाणपत्र प्रतिलीपिहरू थान-१

ख) अध्यापन अनुमति पत्रको प्रतिलिपि

ग) नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलीपि वान १

घ) निरोगिता को प्रमाण प्रत्र

६) दरखास्त दस्तुर रू १०००

७) दरखास्त आईपुग्नु पर्ने अन्तिम मितिः२०८२/०६/२७ गते दिउँसो ४ बजे सम्म

(८) दरखास्त बुझाउने स्थानः महेन्द्र रत्न माध्यमिक विद्यालय

९) उमेरः- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

१०) परिक्षाको किसिमः

क) लिखित ख) अन्तरवार्ता

११) सम्पर्क मितिः २०८२/०६/२७

१२) परिक्षा मितिः सम्पर्क मितिमा जानकारी गराईनेछ ।

१३) तलव स्केल - प्रचलीत नियम अनुसार

१४) सम्पर्क नं. ९८४७४४८०६४, ९७४६४४३५३३,९८६९३९७६२८

**कृष्णलाल सापकोटा**

प्रधानाध्यापक












लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी